# नेपाली सेनामा जातीय विविधता

**दीपक प्रकाश भट्ट**

मानव सभ्यताको विकासकालदेखि नै सैनिक शक्ति परिचालन गरेर अर्को समुदाय, नगर-राज्य वा वंशमाथि विजय गर्ने गरेको पाइन्छ । नेपालको इतिहासमा पनि एउटा वंशको पतन र अर्को वंशको उदय भएका अनेक उदाहरण पाइन्छन् । त्यसमा सेना नै परिचालन भएको घटना बढी छन् । तत्कालीन शासकहरूले विभिन्न प्रकारका अस्थायी र स्थायी सेना स्थानीय जमिन्दार, सामन्त र उमराव, लाठ तथा क्वाठ्नायकअन्तर्गत राख्ने चलन थियो (वैद्य २०५२) । आवश्यक पर्दा भित्री विद्रोह दबाउन वा बाह्य आक्रमण रोक्न तिनै सामन्त र क्वाठ्नायक अन्तर्गतका सेनाहरू परिचालित हुने गर्दथे । ती सामन्त र क्वाठ्नायकका सेनाहरू कुन-कुन ठाउँमा स्थायी वा अस्थायी कुन प्रकृतिका थिए किटान गरेको इतिहासमा भने कतै पाइँदैन । नेपाली राज्यको विकासक्रमसँगै सेनाबारे शोध, अनुसन्धान र लेखन तथा छलफल निकै कम भएकोले यस्तो हुन गएको हो ।

यो शोधमूलक लेख त्यही शून्यतालाई परिपूर्ति गर्ने सानो प्रयास हो । तथापि नेपाली सेनाका विविध पक्ष र आयामलाई एउटै अध्ययनमा समाविष्ट गर्न असम्भव हुने हुँदा, सैन्य संस्थाको जनसाङ्ख्यिक संरचनाबारे चर्चा गर्ने प्रयत्न यहाँ गरिएको छ । नेपाली सेनाको विकासक्रमलाई खोतलेर सेनामा समावेशीकरणबारे विश्लेषण गर्दा समग्रमा राष्ट्रिय सुरक्षा नीति, नागरिक

सरकार र सेनाको सम्बन्ध, समाज-सेना सम्बन्धलाई पृथक् आयामबाट बुझ्न सघाउने विश्वास गरिएको छ । सेनाभित्र जनसाङ्ख्यिक विविधतालाई मसिनोसँग बुझ्न प्रारम्भमा सैन्य संस्थाको सामाजिक संरचनासँग गाँसिएको इतिहासलाई हेर्नुपर्ने हुन्छ ।

## सामाजिक संरचना

नेपालको सामाजिक संरचना बहुभाषिक, बहुजातीय र बहुधार्मिक छ अर्थात् नेपाली समाज बहुलतापूर्ण छ । यहाँ धार्मिक र जातीय सहिष्णुताको इतिहास पनि निकै पुरानो छ । तर नेपालको सामाजिक प्रणाली र राजनीतिक संरचनामा बाहुन-क्षेत्रीको प्रभुत्व निकै लामो समयदेखि रहँदै आएको छ । पृथ्वीनारायण शाह र जङ्गबहादुर राणाको पालादेखि नै विभिन्न जाति जनजातिहरूबीच फाटो ल्याई शासन गर्ने षड्यन्त्र सुरु भएको पाइन्छ । पृथ्वीनारायण शाहले एकीकरण अभियानको बेला 'खस, मगर, गुरुङ र ठकुरी चार जात मात्रै विश्वासिला हुन्' भनेर उपदेश दिएका थिए (आचार्य र नाथ सन् २००४) । नेपालको इतिहासमा सैनिक सङ्गठन निर्माणको कला र क्षमताले नै पृथ्वीनारायण शाहले तत्कालीन सानो गोर्खा राज्यबाट त्यसबेलाको बृहत् नेपालको निर्माण अभियान प्रारम्भ गरेका थिए । त्यसबेला भाला, तरबार, बर्छा, खुकुरी, धनुकाँड र बन्दुक बोकाएर तालिम दिएपछि स्थायी सेना गठन गरिएको थियो । पछि सन् १७६२ अगस्टतिर मकवानपुर आक्रमण गरी जितेपछि त्यस समयका आधुनिक बन्दुक र अन्य हतियारहरू राम्रै सङ्ख्यामा फेला परे । १८१९ सालमा विभिन्न हिन्दू देवीदेवताको नाममा काली बक्स, श्रीनाथ, बज्रवाणी, पुरानो गोरख र सबुज पाँचओटा पल्टनहरू खडा गरे । तिनै पाँच पल्टनको निरन्तरता नै आजको नेपाली सेना हो । पृथ्वीनारायण शाहले नै राजतन्त्रप्रति वफादार सेनाको जग बसालेका हुन् । यी पाँचमध्ये पुरानो गोरख मगरहरूको पल्टन थियो । यो अद्यापि कायम छ । त्यस्तै काली बक्स बटालियन गुरुङहरूको बटालियनको रूपमा रहेको थियो र अद्यापि छ ।

जङ्गबहादुर राणाले सैनिक 'कू' मार्फत सन् १८४६ मा प्रधानमन्त्री भएपछि पूर्वका राई-लिम्बूलाई मिलाएर भैरवनाथ गणको स्थापना गरेका थिए । यसरी निश्चित जातिलाई मात्र प्राथमिकता दिएर सैनिक टुकडी बनाउने मात्र हैन ११९ वर्षसम्म प्रधानसेनापति राणा परिवारबाट मात्रै भए । राणा प्रधानसेनापति हुने क्रम सन् १९५० को राजनीतिक परिवर्तनपछि सन् १९६५ सम्म जारी रह्यो । त्यसपछि मात्रै सुरेन्द्रबहादुर शाह प्रधानसेनापति बने । यसरी राणा, शाह र

थापा/बस्नेत जस्ता भारदारभन्दा बाहिर नगएको प्रधानसेनापतिको पद वर्तमान प्रधानसेनापति रुकमांगत कटवालमा आएपछि मात्रै एक हिसाबले उल्लिखित खलकहरूभन्दा बाहिर पुग्यो । तर कटवाललाई पनि ओखलढुङ्गाबाट ल्याएर महेन्द्र शाहले दरबारमै लालन पालन गराएका थिए । महेन्द्रका धर्मपुत्रका रूपमा पालिएका कटवालले विश्वविद्यालयसम्मको अध्ययन गरे र सेनामा जागिर खाए । उनी दरबारप्रति नै संस्कारगत रूपमा 'वफादार' रहेको कुरामा कुनै शङ्का छैन । 'माघ १९' को ज्ञानेन्द्र शाहको 'कू' पछि सञ्चारमाध्यमहरूमा सेनाको प्रवेश र आमजनतालाई सञ्चार सुविधाबाट वञ्चित गराउने शैलीको सूत्रधार कटवाललाई नै मानिन्छ । अजय पी नाथको नाममा लेखहरू लेखेर 'हार्डकोर राजभक्त' र लोकतन्त्र विरोधीको छवि बनाएका व्यक्ति यिनै कटवाल हुन् (आचार्य २०६३) ।

नेपाल राष्ट्र राज्य बन्ने प्रक्रियामा छ । तर यसलाई राष्ट्र बनाउने, नेपालीकरण र हिन्दूकरण गर्ने काममा शासन व्यवस्था सञ्चालन गर्ने राणा-शाह, खस-ब्राह्मणहरूको नियत नै प्रमुख पक्ष रहेको छ । गोर्खाका शासकहरूले गुरुङ र मगरहरूलाई खस शासन व्यवस्थाअन्तर्गत गाभेर सेनामा भर्ती गर्न थालेपछि गुरुङ र मगर जातिमाथि हिन्दूहरूको प्रभाव थोपरियो । त्यसभित्र संस्कारगत कुरा र वर्णव्यवस्थाको प्रभाव पनि परेको देखिन्छ । यस्तै किसिमले पूर्वी नेपालका किरात राज्य लिम्बू र खम्बूलगायतका आदिवासीहरूमा पनि नयाँ शासकहरूसँगको सम्बन्धका कारण हिन्दूकरणको प्रभाव पर्न गयो (गुरुङ २०६४) ।

२०६३ जेठ ४ को घोषणाले नेपाल हिन्दू राष्ट्रबाट धर्म निरपेक्ष राष्ट्र भयो । तर सत्तासीन राजनीतिक पार्टीहरूको संरचना, नेतृत्व वर्गको सोच र मनस्थिति उस्तै देखिन्छ । जाति, जनजाति, आदिवासी, धर्म, लिङ्गको मामिलामा समावेशी चरित्रको संरचनागत परिवर्तनको पहल विभिन्न संस्थामा भएको देखिँदैन । यस्तो अवस्थामा सेना जस्तो बन्द प्रकृतिको संस्था जसको समाजसित प्रत्यक्ष सहकार्य, संवाद र सक्रियता रहेन त्यहाँ सामाजिक स्तरमा आइरहेका परिवर्तनहरू सम्बोधन गरिने प्रयत्न निकै टाढाको कुरा हो ।

व्यारेकमा हिन्दूबाहेक अरू धर्मालम्बीहरूका निम्ति र प्रकृति पूजकहरूका निम्ति कुनै स्थान छैन । नेपाली सेनाका सबै प्रतीक, निशाना र गणहरू हिन्दू शक्तिपीठका आधारमा निर्माण गरिएका छन् । सैनिक सेनामा जुनसुकै तहमा प्रवेश गर्दा पनि, जुनसुकै धर्मको अनुयायी भए पनि शपथ खाँदा हिन्दू देवीदेवताको भाकल गर्ने परम्परा रहेको छ । सबै ब्यारेकमा हिन्दू पण्डितहरू छन् र मन्दिर

निर्माण गरिएका छन् । सुरुमा जम्दारका रूपमा भर्ना हुन पाउने उक्त पण्डितले दिनहुँ चण्डी पाठ गर्नुका साथै हिन्दू संस्कारअन्तर्गत विभिन्न कर्मकाण्ड, पूजाआजा नित्य गर्ने गर्दछन् (चाम्लिङ्ग २०६४) । सैनिक प्रवक्ता रमिन्द्र क्षेत्री भन्छन्, "मुस्लिम धर्म र क्रिश्चियन धर्मावलम्बीहरूका लागि कुनै स्थान छुट्ट्याइएको हुँदैन । तर केही ठाउँमा बौद्ध स्तूपहरू निर्माण भएका छन् ।" त्यसकारण हिन्दू धर्म, संस्कृति र परम्परालाई मात्रै निरन्तरता दिने गरी सैन्य संरचनालाई साम्प्रदायिक बनाउनु दीर्घकालका निम्ति उचित होइन् । त्यसमा पनि सबै धर्म, जातजाति, दलित, मधेसी र महिला जागृत भएर आफ्ना अधिकारका निमित्त सङ्घर्षशील भइरहँदा सामाजिक रूपले विविधता रहेको समाजमा प्रत्येक संस्थाले आफूलाई सच्याउन आवश्यक हुन्छ । त्यहाँ एउटा निश्चित जातिको संस्कार र संस्कृतिभित्र कुनै संस्थालाई सीमित गरिनु उपयुक्त हुँदैन । आ-आफ्नै धर्म, संस्कृति बोकेको पृष्ठभूमिलाई त्यही आधारमा ठाउँ र खुलापन दिनुपर्ने हुन्छ । यसले मात्रै ती समूहहरूबाट आएका व्यक्तिहरूको व्यक्तिगत क्षमता र दक्षता साँचो अर्थमा संस्थागत हुनसक्छ । "कुनै पनि जातजातिलाई खुला प्रतिस्पर्धाबाट भर्ती हुन छुट भएको संस्था हो यो, त्यसकारण मधेसी र दलितको प्रतिनिधित्व कम हुनु सेनाको नीति होइन । निश्चित समुदायको चासो नभएर मात्रै यस्तो भएको हो" प्रवक्ता क्षेत्रीको राय छ । तर शताब्दीदेखि छोइछिटो जस्तो अमानवीय व्यवहार खेप्दै आएका दलितको सेनामा प्रवेश सहज थिएन । गीता, चण्डी, पुराण र वेद छुनु र पढ्नु त परै जाओस् सुन्दा पनि कानमा सीसा पगालेर हाल्ने हदसम्मको सामाजिक विभेद रहेको समाजमा दलितले उपल्ला भनिने जातका मानिसहरूसित गर्ने प्रतिस्पर्धा असमानहरूबीच समान प्रतिस्पर्धाको छुट दिए जस्तै हो । त्यस किसिमको प्रतिस्पर्धा राजनीतिक पार्टी, निजामती सेवा वा जुनसुकै निकायमा किन नहोस् त्यसले समावेशी संरचना खडा गर्न सहयोग गर्दैन । त्यसैले समावेशीकरणको सचेत र सक्रिय पहल राज्यका तर्फबाट गरिनुपर्ने आवाज उठ्नु स्वाभाविक हो ।

सेनाको सङ्गठन भन्नेबित्तिकै युद्ध र जितको प्रमुख सिद्धान्त अँगालेको संस्था हो भनेर बुझिन्छ । यस प्रमुख कार्यभारका साथै अन्य विशेषताहरू पनि छन् । ती हुन्- (१) केन्द्रीकृत कमाण्ड, (२) वर्गीकरण, (३) अनुशासन, (४) आन्तरिक संवाद, (५) राष्ट्रभक्ति र साहस, (६) आत्मगौरव र दक्षता । यिनै विशेषताहरूका आधारमा कुनै पनि समाज वा देशमा सेनालाई सम्मान र सेनाप्रति डर जन्माएको पाइन्छ । यसरी केन्द्रिकृत कमाण्डको स्तरबाट गरिने निर्णय तल्लो तह र दर्जाका निम्ति पालन गर्नैपर्ने अनुशासनको विषय बन्न जान्छ । त्यहाँ

व्यक्तिलाई मानवीय पक्षबाट अलग पारेर, विघटित गरेर त्यस पदप्रति आस्थावान बन्न सिकाइन्छ । प्रत्येक व्यक्तिलाई आवश्यक र उपयुक्त च्यानलबाट चल्नुपर्ने बाध्यता हुन्छ । माथिको आदेश मान्नैपर्ने हुन्छ । नमान्दा सजाय वा दण्ड भोग्नुपर्ने हुन्छ । त्यसकारण सैन्य संरचनाभित्रको एकता यान्त्रिक किसिमको हुने गर्दछ । प्रख्यात समाजशास्त्री इमाइल दुर्खाइम भन्छन्, सैन्य संरचना कुनै विशेष काम गर्न बनेको विविधताहरू सहितको एउटा प्रणाली हो जुन एउटा निश्चित प्रकारको सम्बन्धले बाँधिएको हुन्छ । यसलाई उनी 'यान्त्रिक ऐक्यबद्धता' भन्न रुचाउँछन् ।

सैन्य पेशामा अर्को महत्त्वपूर्ण पक्ष सेनाको उद्देश्य, नैतिकता र सदाचारलाई मानिन्छ । त्यसको मूलमा बहादुरी वा सौर्य र देशप्रेम रहेको हुन्छ । तर एक्काइसौँ शताब्दीसम्म आइपुग्दा पनि नेपाली सेनाको मूल मन्त्र 'रक्षा, सम्मान, कल्याण, आफ्नो देश नरेशको सर्वप्रथम सदा जान धर्म कर्म सिपाहीको' रहेको थियो । देशको सीमाभन्दा माथि केही नहुने सेनालाई जब नरेश भन्ने शब्दलाई बराबरीमा वा त्यसभन्दा पनि माथि राखेर प्रशिक्षण गर्न थालियो त्यहीँबाट नेपाली सेनाको छवि र जिम्मेवारी आम जनताबाट अलग्गिन पुग्यो ।

## नेपाली सेनामा जातीय विविधता

कुनै पनि संरचना संस्थागत रूपमा कति समावेशी छ भनेर हेर्ने आधार जनसङ्ख्यामा पाइने विविधता हो । नेपाली सेनामा जातीय पल्टन खडा गर्ने पृथ्वीनारायण शाह र जङ्गबहादुर राणाको पालामा प्रारम्भ भएको क्रमशः गुरुङहरूको कालीबक्स र लिम्बूहरूको भैरवनाथ गणको चलन अहिले दोहोरिएको छ । २००९ मा भैरवनाथ गण विघटन गरेर मिश्रित पल्टन बनाइएको थियो । अहिले नयाँ सबुजको नाम राखेर महोत्तरीको जलेश्वरमा मधेसी समुदायको छुट्टै पल्टन खडा गरिएको छ । अनि रिपुमर्दनी नामको गण धनकुटाको हिलेमा किरात समुदायको पल्टनका रूपमा खडा गरिएको छ । १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वले सामाजिक परिवर्तनको एउटा खाका प्रस्तुत मात्र गरेन विद्यमान सबै राजनीतिक पार्टीहरूमा त्यस परिवर्तनप्रति सकारात्मक धारणा अपनाउन बाध्यात्मक स्थिति सिर्जनासमेत गऱ्यो । त्यसैले नयाँ राजनीतिक परिवर्तनको वातावरणसँगै सेनामा पनि जातीय विविधताको उपस्थितिबारे बहस मात्रै नभएर व्यावहारिक प्रयास पनि भएको छ । यस खालका प्रयासहरू विगत केही समयदेखि सेना भित्रबाटै पनि भएका छन् (हेर्नुहोस् तालिका १) ।

## तालिका १: जातीय आधारमा प्रतिनिधित्व

| क.सं. | जात | साधारण | | प्राविधिक | | कर्मचारी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | अधिकृत | अन्य दर्जा | अधिकृत | अन्य दर्जा | | | |
| १ | बाहुन | ३६७ | ८९८५ | १३० | ६०३ | ४२८ | १०५१३ | ११.५९ |
| २ | क्षेत्री | १५२० | ३१८६० | २०३ | १४७७ | १२२१ | ३६२८१ | ४०.२० |
| ३ | राई | ८ | २३७१ | ८ | २८ | २६ | २४४१ | २.६४ |
| ४ | गुरुङ | १२६ | २९७३ | १९ | ४९ | २६ | ३१९३ | ३.५२ |
| ५ | जिरेल | - | ३० | - | १ | १ | ३२ | - |
| ६ | मगर | १०३ | ८८९७ | ५ | १८६ | १०९ | ९३०० | १०.२५ |
| ७ | दमाई | २ | २०२३ | ५ | ५५ | १७ | २१०२ | - |
| ८ | नेवार | १७६ | ४७७० | १२३ | ३२६ | २२५ | ५६२० | ६.१९ |
| ९ | सार्की | २ | ९७६ | - | २७ | ३ | १००८ | - |
| १० | ठकुरी | १७९ | ३४८९ | ३५ | ७३ | ३३ | ३८०९ | - |
| ११ | थारू, राजवंशी | ९ | ४५१९ | ११ | ७० | २२ | ४६३१ | ५.१० |
| १२ | कुमाल | २ | ७७१ | - | ४४ | १ | ७७८ | - |
| १३ | गिरी, योगी | २७ | ९२० | ४ | २८ | ३५ | १०१४ | १.११ |
| १४ | वि.क. | २ | २१७१ | - | ४३ | ८ | २२२४ | - |
| १५ | बादी | - | १६ | - | २ | - | १८ | - |
| १६ | घर्ती | - | ८१४ | - | १२ | ७ | ८३३ | - |
| १७ | माझी | - | ३०६ | - | ५ | १ | ३१२ | - |
| १८ | थामी | - | १७ | - | १ | - | १८ | - |
| १९ | शेर्पा, थकाली | २ | १३५ | १ | १ | - | १३९ | - |
| २० | मुसलमान | - | २२ | १ | - | - | २३ | ०.०२ |
| २१ | नाउँ | - | २६९ | - | - | - | २६९ | - |
| २२ | धोवी | - | १३ | - | - | - | १३ | - |
| २३ | चेपाङ | - | ५५ | - | २ | - | ५७ | - |

| क्र.सं. | जात | साधारण | | प्राविधिक | | कर्मचारी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | अधिकृत | अन्य दर्जा | अधिकृत | अन्य दर्जा | | | |
| २४ | तामाङ | ४३ | ३९८५ | ४ | २५ | ३० | ४०८७ | ४.५० |
| २५ | गन्धर्व | - | १३ | - | १ | - | १४ | - |
| २६ | मारवाडी | - | १ | २ | - | - | ३ | - |
| २७ | मेचे | - | ३० | - | - | - | ३० | - |
| २८ | दराई | - | १३४ | १ | - | १ | १३६ | - |
| २९ | दनुवार | - | १२३ | - | २ | २ | १२७ | - |
| ३० | तेली | - | १० | - | १ | - | ११ | - |
| ३१ | ठाकुर | - | १७७ | - | १ | ७ | १८५ | - |
| ३२ | पहरी | - | ३ | - | १ | १ | ५ | - |
| ३३ | च्यामे, पोडे | - | २९८ | - | - | - | २९८ | - |
| ३४ | पासवान | - | ९ | - | - | - | ९ | - |
| ३५ | पेला | २ | ६ | - | १ | - | ९ | - |
| ३६ | राजी | - | २ | - | - | - | २ | - |
| ३७ | कुस्ले | - | २ | - | - | - | २ | - |
| ३८ | कसाई | - | १९ | - | १ | - | २० | - |
| ३९ | लिम्बू | २३ | १०५० | ४ | २४ | ८ | ११०९ | १.२२ |
| ४० | राज धोब | - | - | १ | १ | - | २ | - |
| ४१ | राजपुत | - | १८ | २ | - | - | २० | - |
| जम्मा | | २५९३ | ८२२८२ | ५५९ | ३०५१ | २२१२ | ९०६९७ | |

स्रोतः सैनिक जनसम्पर्क निर्देशनालय, सन् २००७, काठमाडौं ।

सामाजिक संरचना र विकासको गतिसँगै सेना र समाजको अन्तर्क्रिया, छलफल र संवादको प्रक्रियामा परिवर्तन देखिनु स्वभाविक मानिन्छ । स्वभाविक रूपमा त्यसले सेनाको आन्तरिक सङ्गठनात्मक संरचनामा, त्यसको श्रेणीबद्धतामा र विभिन्न तहमा केही परिवर्तनहरू देखा परेका छन् ।

विगत केही वर्षमा पहाडका जनजाति समूहहरू मगर, गुरुङ, राई र लिम्बू अधिकृत तहमा बढ्दो सङ्ख्यामा देखिन्छन् । त्यसले यी जनजातिहरूको प्रधिनिधित्व बढेको देखिए पनि बढुवा, विदेशमा जाने प्रशिक्षणमा पछिल्लो समयसम्म दरबारको महत्त्वपूर्ण भूमिका रहेको कुरा भूतपूर्व अधिकृतहरू बताउँछन् । तर दलित, महिला र मधेसी समुदायको समानुपातिक प्रतिनिधित्वको सवाल विविधतायुक्त नेपाली समाजमा चर्को ढङ्गले उठिरहेको छ । यही चुनौती नेपाली सेनाको अगाडि पनि छ । सैनिक जनसम्पर्क निर्देशनालयको पछिल्लो तथ्याङ्कअनुसार अहिले नेपाली सेनाको कुल सङ्ख्या ९०,६९७ छ, जुन २०५२ सालसम्म ४५,००० थियो । जाति जनजातिहरूको आधारमा अधिकृत तह र समग्र उपस्थिति हेर्दा असमानुपातिक आँकडा देखापर्छ । जनगणनाअनुसार ब्राह्मणको कुल जनसङ्ख्या १२.७४ प्रतिशत छ । तर सेनामा साधारण र प्राविधिक अधिकृतमा ब्राह्मणको हिस्सा १५.७६ प्रतिशत छ र समग्रमा चाहिँ ११.५९ प्रतिशत छ । क्षेत्रीहरू कुल जनसङ्ख्याको १५.८० प्रतिशत छन् । तर सेनामा साधारण र प्राविधिक गरी अधिकृत ५४.६६ प्रतिशत छन् । समग्रमा क्षेत्रीहरूको उपस्थिति सङ्ख्या ३६,२८१ छ जुन ४० प्रतिशत हुन आउँछ । ठकुरीहरू जनसङ्ख्याको १.४७ प्रतिशत छन् । तिनले अधिकृत तहमा ७.७८ प्रतिशत ठाउँ ओगटेका छन् र समग्रमा ४.१९ प्रतिशत ठाउँ ओगट्न पुगेका छन् । मगर कुल जनसङ्ख्याको ७.१४ प्रतिशत छन् । नेपाली सेनाको अधिकृत तहमा मगरहरू ३.४२ प्रतिशत छन् र समग्रमा उनीहरूको ३.५२ प्रतिशत उपस्थिति छ । यस्तै राई कुल जनसङ्ख्याको २.७९ प्रतिशत छन् । सेनामा उनीहरू अधिकृत तहमा ०.०५ प्रतिशत मात्रै छन् र समग्रमा २.६४ प्रतिशत छन् । नेवार कुल जनसङ्ख्याको ५.४८ प्रतिशत छन्, जसको अधिकृत स्तरमा उपस्थिति ९.४८ प्रतिशत छ र समग्रमा ६.१९ प्रतिशत रहेको छ । तामाङ कुल जनसङ्ख्याको ५.६४ प्रतिशत छन्, जसको अधिकृत स्तरमा उपस्थिति १.४९ । समग्रमा ४.५० प्रतिशत उपस्थिति छ । यस्तै लिम्बूको कुल जनसङ्ख्या १.५८ प्रतिशत छ । जसको अधिकृत स्तरमा ०.८५ प्रतिशत उपस्थिति छ भने समग्रमा १.२२ प्रतिशत । दलितहरूको जनसङ्ख्या १३ प्रतिशत छ, जसको अधिकृत स्तरमा उपस्थिति ०.०३ प्रतिशत र समग्रमा ६.१९ प्रतिशत

छ । थारूको कुल जनसङ्ख्या ६.७५ प्रतिशत छ भने अधिकृत स्तरमा ०.६३ प्रतिशत र समग्रमा ५.१० प्रतिशत उपस्थिति छ ।

महिलाको सहभागिता जनसङ्ख्याको अनुपातमा नगण्य नै छ । कुल १,१२० जना महिला मात्र अहिले नेपाली सेनामा छन् । सैनिक प्रवक्ता क्षेत्री भन्छन्, "यो स्वस्थ, शिक्षाको गुणस्तर र मेरिटमा आधारित खुला प्रतिस्पर्धामार्फत भर्ना गर्ने संस्था हो । यहाँ दलित र मधेसीलाई कुनै बारबन्देज छैन ।" तर वास्तविक अवस्था उनले भने जस्तो पक्कै छैन । सामान्य ढङ्गले हेर्दा पनि सेनाको संरचना समावेशी अवधारणालाई बढावा दिने खालको छैन । त्यसकारण समावेशीकरणको पहल संरचनागत परिवर्तनबाटै थाल्नु पर्छ ।

नेपाली सेनाको प्रारम्भिक कालमा महिलाहरूको उपस्थिति थियो भन्ने प्रमाण नालापानी युद्धमा हातमा खुकुरी लिएर महिलाहरूले गरेको वीरता प्रदर्शन हो । त्यसपछिका दिनहरूमा भने महिला उपस्थिति शून्य प्रायः नै देखिन्छ । धेरैपछि सन् १९६१ देखि मात्रै सेनाभित्र स्वास्थ्य सेवामा महिलाहरूलाई प्रवेश दिइएको थियो । डाक्टर स्तरमा सन् १९६९, प्यारासूट रेजिमेन्टमा सन् १९६५ र लिगल सर्भिसमा सन् १९९९ देखि महिलाहरूलाई न्यून रूपमा सहभागी गराइएको पाइन्छ (श्रेष्ठ सन् २००४) । माओवादी छापामारमा ३० देखि ३५ प्रतिशतसम्म महिला उपस्थितिको व्यापक चर्चा हुन थालेपछि नेपाली सेनाले आधुनिकीकरणको नयाँ अध्याय थपेर सन् २००३ देखि सिपाही र जुनियर कमाण्डिङ्ग अफिसरहरूको (जेसिओ) भर्ती खुला गरेको हो । पुरुष प्रधान सामाजिक संरचना र सबै क्षेत्रमा महिलाहरूको न्यून उपस्थिति विरुद्ध महिला अधिकारवादी सङ्गठन एवं व्यक्तिहरूको सङ्घर्षबाट राज्यका अन्य सबै क्षेत्रमा ३३ प्रतिशत अनिवार्य उपस्थितिको वैधानिक व्यवस्था गरेपछि नेपाली सेनामा पाँच प्रतिशत महिला उपस्थितिको योजना बनेको छ । महिला सिपाहीहरूलाई संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा सहभागी गराउने योजना रहे पनि सो कार्यान्वयन भइसकेको छैन । अहिले पनि महिलाको सङ्ख्या १.२३ प्रतिशतभन्दा माथि जान नसकेको कुरा यथार्थ हो । हाल आएर महिला सेना, पुलिस, सिग्नल, ब्याण्ड, रनर्स, चालक र अधिकृत दर्जासम्मका पेशामा संलग्न हुन थालेका छन् । समावेशीकरणको व्यापक र चर्को आवाज उठिरहेको बेलामा यी कदमहरू सन्तोषजनक मान्न सकिने अवस्था चाहिँ पक्कै होइन ।

समावेशी बनाउनुपर्ने नाममा केही ठाउँमा जाति, जनजाति वा समुदायका नाममा छुट्टै पल्टन खडा गर्नु उचित छ कि छैन ? यसका पक्ष र विपक्षमा विश्लेषकहरूका आ-आफ्ना मत छन् । ब्रिटिसहरूले भारत र विश्वका अन्य

देशमा पनि जातीय पल्टनहरू खडा गरेका थुप्रै उदाहरण छन् । शासकहरूले जातीय एकता, पहिचान र आत्मीयतालाई सङ्गठित गर्न र प्रशिक्षित गर्न सजिलो उपायका रूपमा यसलाई प्रयोग गरेको पाइन्छ । आफ्नो जाति विशेषलाई साहसी, बहादुर अनि सबैभन्दा अगाडि देखाउन कडा मिहनेत गर्ने जवान उत्सर्ग गर्न समेत पछि नपर्ने भएकोले जातीय पल्टन खडा गर्दा युद्ध स्पिरिट अथवा 'स्पिरिट डे कोर' स्थापित गर्न सजिलो हुने मानिन्छ । भाषा, संस्कृति र संस्कारहरू मिल्ने भएकोले जातीय पल्टन खडा गरेर तिनै जाति विरुद्ध परिचालित गर्ने योजना ब्रिटिसहरूको पुरानो शासकीय षड्यन्त्र र मानसिकता थियो । नेपाली सेनामा केही कस्मेटिक परिवर्तन गरिएको देखिए पनि "उच्च तहमा भने निश्चित जाति र पूर्वाग्रहका मानिसहरूको हालिमुहालि चालिरहेको हेर्दा अहिले पनि सेनामा राणाकालीन परम्परा कायम रहेको जस्तो देखिन्छ ।" पूर्व मेजर जनरल एवं वर्तमान नेकपा (माओवादी) विधायक कुमार फुदुङ यही कुरामा विश्वास गर्छन् । तर सैनिक संरचना किन यति साँघुरो दायरामा छ भनेर बुझ्न नेपाली सेनाको विकासक्रम एवं राष्ट्रिय सुरक्षाबारे बुझ्नुपर्ने हुन्छ ।

## राष्ट्रिय सुरक्षा

समयक्रमसँगै नेपाली सेनामा थुप्रै परिवर्तन आएका छन् । राष्ट्रिय सुरक्षाको सम्बन्ध राष्ट्रको अखण्डता, स्वतन्त्रता र बाह्य चुनौतीहरूको सामना गर्दै शान्ति र राष्ट्रिय एकता कायम राख्ने सवालहरूसित जोडिएको हुन्छ । आक्रमण र विस्तार तथा शक्ति सन्तुलनका आन्तरिक पक्षहरूसित यी सवालहरू जोडिएका हुन्छन् । नेपालको राष्ट्रिय सुरक्षाका बाह्य र आन्तरिक दुवै पक्षहरू छन् । ती दुवै महत्त्वपूर्ण छन् । परम्परागत रूपमा सेनाको कार्यभार बाह्य खतराबाट सुरक्षा गर्नु नै मानिन्छ । सेनाको शक्तिको आधारमा दबाब सिर्जना गरिहाल्ने वा बार्गेनिङ्ग गर्ने चलन पनि आधुनिक अन्तर्राष्ट्रिय सम्बन्धमा कूटनीतिको महत्त्वपूर्ण पाटो मानिन्छ । अहिले आएर पृथकतावादी आन्दोलनहरू, राज्यसितको विद्रोहहरू, आतङ्ककारी गतिविधिहरू आन्तरिक सुरक्षा साम्य पार्न साथै आगलागी, बाढीपहिरो, अनिकाल र भूकम्प आदि प्राकृतिक सङ्कटहरूमा सहयोग गर्न सेनालाई निरन्तर संलग्न गरिन्छ । अझ देश निर्माणको क्षेत्रमा सडक, पुल र नहर निर्माण गर्ने वा प्राकृतिक सम्पदाको संरक्षणको जिम्मेवारी पनि सेनालाई दिइने चलन बढेको छ । खासगरी, शान्तिकालमा परम्परागत सीमा युद्धको सम्भावना घट्दै गएपछि नेपालमा पनि सेनाको प्रमुख कार्य राष्ट्रिय सुरक्षाको बाह्य पाटो त्यति महत्त्वपूर्ण देखिँदैन । सन् १८१६ मा सुगौली सन्धिपछि नेपाली सेनाले त्यस रूपमा बाह्य

चुनौतीको सामना गर्नु परेको छैन । सन् १९७६ को खम्पा विद्रोह नियन्त्रण गर्न दुई बटालियन सेना परिचालन गर्नु बाहेक कुनै महत्त्वपूर्ण मिसनमा नेपाली सेना परिचालित भएको पाइँदैन । नेपालको उत्तर र दक्षिणका दुवै विशाल र शक्तिशाली भनिएका छिमेकीहरू परमाणु शक्ति सम्पन्न अवस्थामा छन् । दुवैले नेपाललाई अथवा नेपालले यी दुवैलाई निकट भविष्यमा कुनै चुनौती दिने सम्भावना र पर्याप्त आधारहरू पनि देखिँदैन ।

सन् १८०२ मा भीमसेन थापाले सैनिक लगत तयार गरेर सन् १८११ मा सैनिक वर्गीकरण पश्चिमा शैलीमा सुरु गरे । जनरल, कर्णेल र कमाण्डर इन चिफ जस्ता पद र पश्चिमा शैलीकै निर्देशन पद्धति सुरु गरियो । उनले नै भारतबाट ब्रिटिस तथा फ्रेन्च विशेषज्ञ झिकाएर पश्चिमा शैलीको सैनिक वर्गीकरण नीति लागू गरेको इतिहासकार चित्तरञ्जन नेपालीले चर्चा गरेका छन् (नेपाली २०२२) । २००८ सालमा व्यारेक सिस्टम लागू गर्दा ९,००० को सङ्ख्यामा रहेको सेनालाई भारतीय सैनिक मिसन आएर आधुनिकीकरणतर्फ डोऱ्याएको थियो । २० जना अधिकृतसहित मेजर जनरलको नेतृत्वमा रहेको उक्त मिसन २०२७ सालसम्म काठमाडौँमा बस्यो । साथै भारत त्यही निहुँमा नेपाल-चीन सीमामा २१ ओटा चेकपोष्ट निर्माण गरेर बसेको थियो । चीन विरुद्ध आफ्नो प्रतिरक्षा बलियो पार्नु, तिब्बतको स्वतन्त्रताको कुरा उठाउनु र नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्नु नै भारतको मूल उद्देश्य थियो । त्यसका बाबजूद तत्कालीन राजा महेन्द्रले २०२० सालको भारत भ्रमणका बेला सेनाको पुनर्गठन, सुदृढीकरण र आधुनिकीकरणका लागि मागेको सहयोग भारतले स्वीकारेको थियो । नयाँ ब्रिगेडहरू खडा गरी युवा अधिकृतहरूलाई तालिम दिएकोले ब्रिटिस-भारतीय मोडेलले प्रशिक्षित भएको सेना पञ्चायत कालभरि जनताको निम्ति हाउगुजी बन्न पुग्यो । जबकि वर्तमानमा हेर्ने हो भने भारतीय सेनाले नागरिक सरकारको सर्वोच्चता स्वीकारेको कुरा विश्वमै उदाहरणीय मानिन्छ ।

विगतमा लोकतन्त्र स्थापना र पुनर्स्थापनाका लागि गरिएका आन्दोलनहरूको दमन, शान्ति सेनामा संयुक्त राष्ट्रलाई सघाउन र पछिल्लो समयमा माओवादी विद्रोह विरुद्ध सङ्घर्ष गर्ने काम नै नेपाली सेनाको प्रमुख कार्य बन्यो । सन् १९९२ तिर बनेको सैनिक अधिकृतहरूको एउटा समीक्षा समितिले सैनिक मूल ग्रन्थ भाग १ र २ मा संसदीय प्रणालीमा सेनाले कसरी काम गर्ने र नेपालको राष्ट्रिय रक्षा नीति के हुने भन्ने विश्लेषण गरेका थिए । सो समितिले सन् १९८८ मा जनरल अर्जुन नरसिंह थापा प्रधान सेनापति र गडुल शमशेर 'मिलिटरी अप्रेसन' प्रमुख हुँदा सन् १९८६ मा राष्ट्रिय मूल नीति भनेर तत्कालीन पञ्चायत

सरकारले ल्याएको अवधारणासँग मेल खाने सैन्य अवधारणा ल्यायो । त्यस सैन्य सञ्चालनको प्राविधिक पक्ष, बाह्य आक्रमण भएको बेलाको निम्ति देशको रक्षा र आन्तरिक सुरक्षा कसरी गर्ने विषयमा केन्द्रित थियो । भारत र चीन दुवैलाई बाह्य विस्तारवादी शक्ति चित्रण गरेर भारत र चीनले आक्रमण गरेको खण्डमा १५-२० दिनसम्म तिनीहरूसँग सीमायुद्ध लड्न सक्ने क्षमता विकास गर्ने कुरा निष्कर्षमा पुऱ्याइएको थियो (मेहता सन् २००५) । त्यसो भएको खण्डमा संयुक्त राष्ट्रसङ्घसँग सहयोगको लागि अपील गर्ने समय पर्याप्त रहन्छ । यस्तो निष्कर्ष रक्षात्मक अवस्थामा रहेर अन्तर्राष्ट्रिय समर्थन माग्ने बुझिन्छ । त्यसकारण जस्तोसुकै खतरा भए पनि आफू आक्रामक अवस्थामा जान सक्ने किसिमको रक्षा नीति नेपालको निम्ति यथार्थ होइन । बाह्य आक्रमणको अवस्था आइहाल्यो भने त्यसबाट तीन स्तरमा देशलाई सुरक्षित राख्ने योजनाको विकास गरियो । उत्तरतिरबाट खतरा आएमा 'माउण्टेन वारफेयर', तराईतिरबाट आक्रमण भएमा 'जङ्गल वारफेयर' र मध्यम भागका निम्ति 'गुरिल्ला वारफेयर' । यही योजना र नीतिका आधारमा नेपाली सेनालाई आधारभूत रूपमा प्रशिक्षित गरियो ।

अर्थतन्त्र बलियो छ र युद्धका निम्ति आधुनिक हातहतियारले सु-सज्जित बलियो सेना छ भने छिमेकी राष्ट्रले कुनै पनि बेला आक्रमणको नीति अख्तियार गर्न सक्छ । त्यसैले सेनाको अर्को प्रमुख काम कूटनीतिक दबाबमा आएर अर्को राष्ट्रले आक्रमण नगर्ने सन्धि सम्झौता गर्नेतर्फ पहल गर्नु हो । नेपाली सेनाको निम्ति टाढाटाढासम्म यो सम्भावनाभित्र पर्दैन । सेनाको उपस्थितिको अर्को महत्त्वपूर्ण पक्ष भनेको परराष्ट्र नीतिसित जोडिएको हुन्छ । रक्षात्मक संरचना खडा भएको अवस्थामा परराष्ट्रनीतिको कूटनीतिक, आर्थिक र राजनीतिक पहलहरूमा दबाब सिर्जना गर्न सकिन्छ । यसमा मौखिक रूपमा धम्कीपूर्ण शब्दावलीहरू प्रयोग गरिने गरिन्छ (लाइडर सन् १९८२) । यो पक्ष पनि नेपालको सन्दर्भमा कहिल्यै बलियो देखिँदैन । त्यसकारण यिनै नियामकहरूका बीचबाट नेपालको रक्षा नीतिबारे सोच्न सकिन्छ । यस्तो अवस्थामा नेपाली सेनाको काम आन्तरिक र सामाजिक सुरक्षा अर्थात् गैरपारम्परिक सुरक्षाको क्षेत्र नै पर्न आउँछ ।

नेपालमा शान्तिपूर्ण र सामाजिक जीवनमा स्थायित्व ल्याउने काम नै सेनाको प्रमुख दायित्व हुनजान्छ । तर अहिलेसम्म नेपालमा सामन्तवादको जगमा स्थापित केन्द्रीकृत राज्यसत्ता भएकोले सामाजिक, आर्थिक, राजनीतिक परिवर्तनका लागि हुने आन्दोलन र विद्रोहको दमन गर्दै शासन सत्तामा रहेका कुलीन वर्गको हित संरक्षण नै सेनाको प्रमुख काम हुँदै आएको छ । भन्न र

देखिनका निम्ति गैरराजनीतिक प्रकृतिको संस्थाको रूपमा चित्रित गरिएको भए पनि शासन सत्ता सञ्चालन गर्ने वर्गको हितमा सेना राजनीतिक रूपमा प्रयोग हुन्छ । विकसित देशहरूमा जहाँ पुँजीवादको विकास भएको छ त्यहाँ सेनाका अफिसरहरूमा राजनीतिक निर्देशनलाई मान्ने नागरिक सरकारको सर्वोच्चतालाई स्वीकार्ने संस्कार र नैतिकताको विकास भैसकेको हुन्छ । हन्टिङ्टनका अनुसार, 'पेशागत प्रतिबद्धता, व्यवसायीकरण, सामाजिकरण र जटिल भर्ती प्रक्रियाको कारण समग्रमा सेना एउटा पुरातनपन्थी खालको ढाँचामा खडा संस्था हुने गर्दछ' (हन्टिङ्टन सन् १९७२) । तर बिस्तारै एउटा पेशागत प्रतिबद्धताका बाबजुद पनि केही ठाउँमा यस्तो सेनाले रीष्ट्रय राजनीतिमा आफ्नो भूमिका खोज्न थालेको पाइन्छ । समग्रमा लोकतन्त्रीकरणका प्रक्रिया अगाडि बढिरहँदाका कमजोरीहरूमा पनि यो प्रवृत्ति देख्न पाइन्छ । तर वर्तमान नेपाली सेनाको संरचना अरू कुनै पनि सामाजिक, राजनीतिक वा राज्यको सङ्गठनभन्दा बढी कडा र अनुशासित छ ।

२००९ सालसम्म नेपाली सेनाका जवानहरू आफ्नै घर-डेराबाट दैनिक परेडमा सामेल हुने गर्दथे । सोही वर्ष ब्यारेकमा राख्ने निर्णय सरकारबाट भएपछि मात्रै र वास्तविक स्थायी सेना र त्यसको संरचना खडा भएको हो । यसरी ब्यारेकमा बस्न थालेको सेनाले सरकारको बजेट बढाए पनि सेनाको आधुनिकीकरण र फौजी स्तरमा गुणात्मक वृद्धि भएन । साथै राष्ट्रिय सुरक्षाको विषयमा केन्द्रित हुनुभन्दा पनि लोकतान्त्रिक आन्दोलन दमन गर्न सेनाको धेरै उपयोग भयो अर्थात् नेपाली सेना जनता विरुद्ध प्रयोग एवं परिचालन हुँदै आयो ।

सेना पटकपटक राजनीतिक स्वार्थको लागि किन उपयोग भइरह्यो त ? उमराव वा क्वाठ्नायकहरूले स्थानीय स्तरमा जम्मा गर्ने लडाकुहरूलाई 'झारा' वा 'विष्टी' का रूपबाट सेनाको स्थायी र विकसित रूप बन्दै जाँदा आफूलाई राजपूत-ठकुरी भन्ने र दरबार र राणाहरूसँगको बिहेबारी चल्ने जातहरूले सेनामा आधिपत्य जमाउँदै लगे । लडाकु जातिका रूपमा प्रख्यात जनजातिहरू गुरुङ, मगर, राई, लिम्बू, किरातीहरू सिपाही र मध्यम स्तरका अधिकारी घोषित गरिँदै गए । त्यसबापत जागिर प्रथा चल्यो र सरदार बन्ने अवसर पाउनेबित्तिकै विभिन्न ठाउँमा खेतीयोग्य जग्गा वा कर उठाउने छुट पनि केन्द्रका राणा शासकहरूले दिए । यसरी राणा शासनकालमा सेनामा जागिर पाउनु आम मानिसहरूका निम्ति र राणा, शाहहरूसित नाता-सम्बन्ध गाँसिनु स्थानीय सामन्त र ठालुहरूका निम्ति गौरव र शानको विषय बन्यो । भूपरिवेष्ठित मुलुक भएकोले र राणाहरूले ब्रिटिस शासकहरूको आवश्यकताभन्दा बढी सेवा गरिरहेको कारणले नेपाली समाजमा प्रवासनको क्रममा कुनै गति आएन । रोजगारीका

कुनै अवसरहरू पनि उपलब्ध भएनन् । र सेनाको जागिरप्रति एकप्रकारको आकर्षण बढ्यो जुन स्वाभाविक थियो । तर सेनामा कर्नेल, जनरल र मेजर जनरल जस्ता पदहरू केवल राणाहरूलाई मात्र दिइयो । त्यहाँसम्म कि जन्मिने बेलामा नै जनरलको पद लिएर जन्मेका र तलब भत्ता पाउन थालेका कुरा सुनेर विदेशी लेखकहरू अचम्म परेका प्रसङ्गहरू पनि व्याप्त छन् (कोइराला सन् २००५) ।

२००७ सालको परिवर्तनपछि राणाको अधीनमा रहेको बिजुली गारदलाई षड्यन्त्रपूर्वक नारायणहिटी पुऱ्याएर त्रिभुवनले राजनीतिमा आफ्नो हात माथि पारेको प्रसङ्ग वीपी कोइरालाले आफ्नो आत्मवृत्तान्तमा उल्लेख गरेका छन् । यसको नाम २०४६ सालको परिवर्तनपछि शाही रक्षक बाहिनी भयो र दरबारको आन्तरिक सुरक्षा र अन्य काममा त्यही बाहिनी खटिँदै आएको थियो । सन् १९६४ सम्म नेपाली सेनाको नामले चिनिएको संस्थालाई तत्कालीन राजा महेन्द्रले शाही नेपाली सेना नामाकरण गरे, जुन सैनिक ऐन २०६३ पछि फेरिएर नेपाली सेना बेनको छ । २०१७ पुसमा तत्कालीन प्रधानमन्त्री वीपी कोइरालालाई सेनाको मद्दतले जेल चलान गरियो । २०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले सेनाको बलमा 'कू' गरेर सबै प्रमुख दलका नेताहरूलाई गिरफ्तार वा नजरबन्द गरेको र सबै मिडिया हाउसहरूमा सेना प्रवेश गरेको कुराबाट स्पष्ट छ नेपालमा सेनाले शक्तिको केन्द्र कहाँ देख्दछ । स्पष्ट छ, लामो समयदेखि जुन सामाजिक र जातीय संरचना सेनामा रह्यो त्यसले लोकतान्त्रिक मूल्यमान्यताभन्दा पनि पुरातन खालको सामन्ती अधिसंरचनामै आफ्नो वर्गहित देख्छ । सिङ्गो नेपाली सेनालाई दरबारभित्र रहेको पल्टनले खुम्च्याएर र आफू अधीनस्थ राखेको छ भनेर तत्कालीन प्रधानमन्त्री वीपी कोइरालाले आफूलाई थुनेपछि लेखेको कुरा (कोइराला सन् २००५) पाँच दशकपछि समेत कायमै रह्यो । २०४७ सालको संविधानको धारा ११८ ले सेना परिचालन, नियुक्ति र राष्ट्रिय सुरक्षा परिषद्को प्रमुखको जिम्मा प्रधानमन्त्रीलाई दिए पनि व्यवहारमा त्यसो हुन सकेन । सेना दरबारकै नियन्त्रणमा रह्यो । त्यसैले यसलाई सबै जातजाति र जनजातिको सेना बनाउन धेरै काम बाँकी छ । यो कामसँगै नेकपा (माओवादी) को विद्रोही सेनासहित सुरक्षा क्षेत्रको सुधार कसरी गरिन्छ भन्ने प्रश्न ज्वलन्त बन्दैछ ।

सेनाभित्र 'कर्नेलभन्दा माथिको पदमा बढुवा, सरुवा दरबारको निगाह सङ्केत बिना नहुने चलन रहेको' एक सैनिक अधिकृत बताउँछन् । मेजरसम्मको बढुवा प्रधानसेनापतिले गर्छन् । 'दरबारको स्वीकृति लिन दरबारिया भक्ति आवश्यक हुने नै भएकोले स्टाफ कलेजको परीक्षा पनि प्रभावित हुने' कुरा ती सैनिक

अधिकृत स्वीकार्छन् । १२ वर्षको लोकतान्त्रिक अभ्यासमा कुनै पनि रक्षामन्त्रीले (अधिकांश समय प्रधानमन्त्री स्वयं नै रक्षामन्त्री रहे) सेनाको संरचनामा जातीय विविधताको अवस्थाको खोजीनीति र दरबारप्रतिको वफादारितालाई कम गर्न कुनै प्रयत्न गरेको प्रमाण भेटिँदैन । वीपी कोइरालाको स्वीकारोक्तिका बाबजुद सत्तासिन काँग्रेसका प्रधानमन्त्रीहरूले मनोवैज्ञानिक रूपमा सेनासँग झस्केको अवस्थाबाहेक अरू केही देखिँदैन । संवैधानिक राजतन्त्र भनिए पनि सेनालाई चलाउन सक्ने हिम्मत र हैसियत नदेखाएकै कारण राजतन्त्र एउटा बलियो शक्ति केन्द्रका रूपमा स्वतः स्थापित भयो । त्यसकारण पटकपटक सेनाले राजनीतिक दलहरूलाई हेप्ने र दबाउने काम गर्‍यो । २०४७ को संविधान निर्माण गर्ने क्रममा हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने, नेपालको राष्ट्रियताको प्रतीक राजा र सार्वभौमसत्ता राजामा निहीत लेख्न पनि तत्कालीन सेना प्रमुख सच्चित शमशेर राणाले दबाब दिएको कुरा सबैतिर छर्लङ्ग नै छ ।

२०४६ को बहुदलीय लोकतन्त्रको पुनरागमनसँगै सेनाको नेतृत्व तह राजनीतिक पार्टीहरूसँग सम्बन्ध नजिक्याउने प्रयासमा लागेको केही हदसम्म सत्य लाग्छ । तर प्रहरीलाई बलियो पारेर लैजाने र त्यसको बजेटमा भएको बढोत्तरीले सेनालाई २०५१ सालमा झस्कायो । पछि सन् २००१ मा सशस्त्र प्रहरीको अवधारणा ल्याएपछि सेनाको सम्बन्ध राजनीतिक दलहरूसँग झन् चिसो भयो । सेनाले त्यसलाई आफ्नो बजेटको भाग खान आएको प्रतिस्पर्धीको व्यवहारले हेर्‍यो । संसदीय बहुदलीय लोकतन्त्रलाई समाप्त पार्न जनयुद्ध थालनी गरेको नेकपा (माओवादी) र दरबारको भाषा र उद्देश्य त्यहाँ एकै ठाउँमा मिल्न पुग्यो । जहाँ ती दुवै एक अर्कालाई उपयोग गर्ने, रणनीतिक रूपमा मद्दत पुग्ने र राजनीतिक पार्टीविरुद्ध सघाउने अवस्थामा पुगे । सेनालाई माओवादीविरुद्ध परिचालन गर्दा सेना ब्यारेक फर्किन गाह्रो हुन्छ र दरबारलाई बलियो बनाउँछ भन्ने पार्टीहरूको निष्कर्ष ठीक हुँदाहुँदै पनि त्यसले अर्कै रूप लिन पुग्यो । सैनिक सहयोगको आधारमा 'कू' भै छाड्यो । 'आतङ्कवाद विरुद्धको युद्ध' मा सेनालाई साथ लिएर माओवादी र पार्टीलाई पनि तह लगाउने दरबारको उद्घोषलाई 'राजभक्ति, हाम्रो शक्ति' भन्दै तत्कालीन सेनापति प्यारजङ्ग थापाले 'नेपाली राष्ट्रियता र राष्ट्रिय एकताको प्रतीक राजतन्त्र' भन्दै भाषण गरे । यी घटनाक्रमले देखाउँछ सेना जनताको करबाट पालिए पनि जनताप्रति वफादार रहेन । ध्रुवकुमारका अनुसार, "पछाडि बसेर 'कू' गर्न सघाउने सेनाको वास्तविक चरित्र उदाङ्गो पार्ने कामको लागि माओवादीलाई धन्यवाद दिनुपर्छ" (कुमार सन् २००५) ।

शान्ति वा युद्ध जुनसुकै अवस्थामा पनि सेनाको परिचालन प्रत्येक देशको आफ्नो विशिष्टतामा आधारित रणनीति हुने गर्दछ । त्यो निर्णय राजनीतिक रणनीतिले गर्ने गरिन्छ । सैन्य शक्तिको प्रमुख आधार देशको अर्थतन्त्र र सैन्य प्रविधि मानिन्छ । तर सेनाको परिचालनका निमित्त राजनीतिको शक्ति कहाँ केन्द्रित छ भन्ने कुरा पनि त्यत्तिकै महत्त्वको हुन्छ । नेपालको लोकतान्त्रिक सङ्घर्षको इतिहासमा सेना नागरिक सरकारको अधीनमा रहनुपर्छ भन्ने आवाज जोरदार ढङ्गले उठेको धेरै भएको छैन ।

## परिवर्तित संस्कार र बदलिँदो रूप

वर्तमान परिवर्तित राजनीतिक सन्दर्भमा सेनालाई लोकतान्त्रिक र समावेशी बनाउनु पर्दछ भन्ने बहसले व्यापकता पाएको छ । विगतको तुलनामा केही पहल भइरहेको छ । जनतालाई सेनाको जनसम्पर्क निर्देशनालयद्वारा निरन्तर सम्पर्क तथा सूचना प्रवाह गर्ने एवं सैनिक कल्याणकोषको रकम सार्वजनिक गरेर पारदर्शिता प्रदर्शन गर्ने जस्ता केही पहल भएका छन् । द्वन्द्वको समयमा सेनाद्वारा मानवअधिकार हनन् चरम सीमामा पुगेको थियो । अहिले ती विषयमा पनि सेना गम्भीर हुँदै आएको अधिकृतहरू बताउँछन् । राजनीतिक दल र जनताबाट पूर्ण रूपमा सम्पर्क विच्छेद र छुनै नहुने संस्थाको रूपमा स्थापित संस्थाको मानसिकतामा परिवर्तन आइरहेको छ ।

२०६३ सालमा सेना दिवसको दिन प्रधानसेनापतिले अधिकृत र जवानहरूसित एउटै मेसमा सामूहिक रूपमा खाना खाएका थिए । यसलाई निरन्तरता दिने वाचा पनि गरे । सेनामा रथीहरूका श्रीमतीहरूलाई रानीसाहेब भनिने प्रचलनमा रोक लगाइएको छ । उपयुक्त शब्द प्रयोग गर्ने बानी बसाल्न निर्देशन दिइएको छ । सेनामा विद्यमान अर्दली र रनरसम्बन्धी व्यवस्थालाई समयानुकूल मागअनुसार परिवर्तन गर्ने भनिएको छ । यद्यपि अहिले पनि अर्दलीको पद र काममा कुनै परिवर्तन भइसकेको देखिँदैन । जनताको करबाट पालिएका अर्दलीहरू अधिकृत र रथीहरूका केटाकेटी स्याहार-सुसार, सरसफाई, भान्छा, बगैँचा हेरचाह र खेतीपातीको काम गर्न बाध्य नै छन् । सेनामा यस्तो परम्परा र संस्कारलाई अधिकार नै मानिएको थियो । तल्ला तहका कर्मचारीलाई व्यक्तिगत मोजमस्तीको काममा चर्को शोषण गर्ने चलन सेनामा व्यापक छ । यस्तो खाले श्रम शोषण प्रहरी संरचनाभित्र पनि सघन छ । रनर र अर्दलीलाई घरायसी कामदारको रूपमा राखेर सुविधा उपभोग गरिरहेका वहालवाला र अवकाश प्राप्त अधिकृत पदाधिकारीहरूको (दरबन्दी अन्तर्गतको) सङ्ख्या नै ४,८७१ थियो (भण्डारी

२०६३) । सैनिक अधिकृतका श्रीमतीहरूको मात्र भनेर बनाइएको सैनिक अधिकृत श्रीमती सङ्घको विधान संशोधन गरी जवानका श्रीमती पनि सदस्य बन्नसक्ने प्रावधान २०६३ देखि भएको छ ।

परम्परागत रूपमा चल्दै आएका कुरामा देखिने सामान्य परिवर्तनले हाकिमहरूका मुनिका जवानहरू आफूले काम त गर्नैपर्ने तर रुखो र कचकचको व्यवहार सहनुपर्ने बाध्यताबाट थोरै भए पनि राहत महसुस गर्दै छन् । नत्र भने मानसिक दबाबमा रहेका जवानहरू कोही आत्महत्या गर्ने वा कोही अफिसर र सहकर्मीहरूकै हत्या गर्ने दिशातिर उन्मुख भएका घटना विभिन्न देशका सेनामा हुने गरेको पाइन्छ । नेपाली सेनाको ब्यारेकभित्र गुपचुप राखिएका यस्ता थुप्रै घटनाहरू मिडियामार्फत बेलाबेला बाहिर आएका छन् । भक्तपुरको नगरकोट, बेलवारी घटनामा 'तत्कालीन परिस्थितिले गर्दा घर जान नपाएको' जवानहरूद्वारा यस्तो घटना भएको पाइन्छ । नगरकोटमा वासुदेव थापाले देखाएको विक्षिप्त मनोवृत्तिले १२ जना निहत्था नागरिकको हत्या गरिनु र २६ जना घाइते हुनु यसको प्रमाण हो । सशस्त्र, जनपद प्रहरी र आमजनतासँग खासगरी सैनिक ब्यारेक नजिकका बासिन्दाहरूसँगको विवाद र झगडा पनि आम भइसकेका कुरा हुन् । त्यसकारण तल्ला तहका सैनिक जवानहरूसँगको व्यवहार परिवर्तन गर्नु आवश्यक देखिन्छ । दास मनोवृत्तिबाट अफिसरहरूले छुटकारा पाउनु उत्तिकै जरुरी छ ।

नेपाली सेनाको वार्षिक मुखपत्र *सिपाही* मा पुरानो मूलमन्त्र परिवर्तन गरिएको छ । राजारानी र राजपरिवारको फोटोहरू हटाइएको छ । नयाँ मूलमन्त्र यसप्रकार छ,

रक्षा सम्मान कल्याण आफ्नो देश नेपालको,
सर्वप्रथम सदा ज्ञान धर्म कर्म सिपाहीको
सुविस्ता मान हेरचाह गर्न पर्छ विशेषतः
अधीनस्थ रही बस्ने साराका सुख खातिर,
रक्षा आनन्द आराम आफ्नो निम्ति सधैं पछि
यही सेना महामन्त्र यही सत्य सधैंभरि ।

क्षमता र दक्षताको आधारमा पदोन्नति हुने, निश्चित मापदण्ड पूरा गर्ने व्यक्तिले उचित जिम्मेवारी पाउने व्यवस्था सरकारले बनाइसकेको छैन । अन्यथा एउटै भाषा, जाति र धर्मका व्यक्तिहरूको संस्कार र आचरणले प्रभुत्व जमाउने मात्रै नभएर पृथक् सांस्कृतिक, धर्म, जाति र भाषा बोकेकाहरूलाई अक्षम

मानिरहने गैरसमावेशी चरित्रको निरन्तरता रहिरहन्छ । तसर्थ समावेशी र लोकतान्त्रिक सेना बन्न आवश्यक तथा स्पष्ट निर्देशन र योजना सरकारबाटै आउनु पर्छ ।

**अन्त्यमा**

निकै परिवर्तन भइरहेको नेपाली समाजले धेरै सङ्क्रमणकालीन चुनौती बोकेको छ । प्रत्येक संस्थामा छाएको राज्य संरचनाको चुनौती सेनामा अझ बडेमानको देखिन्छ । यस्तो अवस्थामा सो संस्थालाई सिमान्तीकृत समुदायको विश्वसनीय संस्थाको रूपमा रूपान्तरण गर्ने प्रक्रिया पनि सहज देखिन्न । तथापि समाजमा विद्यमान जातीय विविधताअनुसार सेनामा परिवर्तन गर्दै लान सरकारले निम्न कदमहरू चाल्नु आवश्यक छ ।

- राष्ट्रिय सुरक्षा नीति र रक्षाको सिद्धान्त, अवधारणा, विकास र निर्क्याैल गरी सैन्य क्षमताको आधुनिकीकरण र वैज्ञानिकीकरण गर्दै सैन्य सङ्ख्या किटान गर्ने ।
- सेनामा पेशागत प्रतिबद्धता र व्यावसायिकताको विकास गर्न ठोस कार्यक्रम ल्याउने ।
- पारिवारिक र सामाजिक वातावरणमा घुलमिल हुने गरी सैनिक परिवार आवास गृह निर्माण गर्ने ।
- जनजातिभित्रबाट सेनामा उति नआउने जाति, मधेसी, महिला र दलितलाई सैन्य भर्नाको क्रममा उत्साहित गर्ने ।
- जातीय विविधताको उपस्थिति अधिकृत स्तरमा गराउन आन्तरिक नीतिनियमहरू फेरबदल गर्ने । विगतको दरबारपरस्त व्यक्तिहरूलाई माथिल्लो तहमा पुऱ्याउन अघोषित र घोषित नीति नियमहरू खारेज गर्ने र निगाह प्रथाको अन्त्य गर्ने ।
- सबै नवप्रवेशीहरूलाई हिन्दूकरण गरिएको शपथ र हिन्दू देवीदेवताको भाकल गर्ने/गराउने परम्परा अन्त्य गर्ने ।
- द्वन्द्वकालबाहेक अरू बेलामा सेनालाई जिल्ला सदरमुकाममा मात्रै कवाज खेलाएर राख्नेभन्दा पनि विकास निर्माणको काममा लगाउन विशेष योजना बनाउने ।
- नेपाली सेनाको भर्ना प्रक्रिया र बढुवा प्रक्रिया स्वस्थ, प्रतिस्पर्धात्मक र समावेशी बनाउन सरकार एवं नेपाली सेनाले पारदर्शीतालाई प्रवर्द्धन गर्ने ।

- विभिन्न क्षेत्रमा दक्षता राख्ने रणनीतिक मामिला विशेषज्ञ, सुरक्षा क्षेत्रका ज्ञाताका रूपमा रहेका पत्रकार, वकील र रक्षा अर्थतन्त्रका विज्ञहरू समेत रहेको राष्ट्रिय सुरक्षा परिषद् निर्माण गर्ने ।

नेपाली सेनालाई अहिलेसम्म शिष्टाचारी र सजावटी रूपमा राखेको मानिन्छ, जसले राजकीय कार्यमा सलामी दिने र तिनीहरूको मलामी जाने काम गर्दथ्यो । यसलाई परिवर्तन गरी देशको चौतर्फी विकासको वाहक संस्था बनाउन गर्नुपर्ने धेरै छ । सरकारका नीति नियमका बाबजुद सैनिक संस्थालाई जनतासितको जीवन्त सम्पर्क राख्ने संस्थाको रूपमा विकास गर्न सेना नै संस्थागत रूपमा प्रतिबद्ध भएर आउनु पर्छ । सिद्धान्त र व्यवहारमा सेनाले नागरिक सरकारको सर्वोच्चता स्वीकार्‍यो भने यसको सामाजिक एवं पेशागत प्रतिष्ठामा परिवर्तन आउँछ । यसले उच्च अधिकृतहरूमा जातीय अहङ्कार त्याग्न सघाउने मात्र हैन व्यावसायिकता सुधान समेत मद्दत पुर्‍याउँछ । संस्थाभित्र व्यावसायिक सुधार आए मात्र मानवअधिकारको पालना हुने, सेनाको तालिम प्रक्रियामा सुधार आउने साथै सैनिक जवानहरूको बिदा एवं सरुवा विधिवत हुने सम्भावना रहन्छ । यिनै सुधारहरूले सैनिक कल्याणकारी कोषलाई पारदर्शी बनाउन समेत मद्दत गर्नेछ । यस्ता प्रयासहरूले सेनाको संरचना समावेशी बनाउने प्रक्रियालाई पनि सघाउने छ ।

## सन्दर्भ सामग्री


आचार्य, बाबुराम र योगी नरहरि नाथ, सं. । सन् २००४ । *बडामहाराजधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्य उपदेश* । काठमाडौँ: प्रा. श्रीकृष्ण आचार्य ।

आचार्य, सन्तोष । २०६३ । दरबारको दबदबा । *नेपाल,* ११ भदौ, पृ. २७ ।

कोइराला, वीपी । सन् २००५ । *चुनौतीको घेरामा राजतन्त्र* । काठमाडौँ: नेपाली काँग्रेस, क्षेत्र नं. ३ ।

गुरुङ, हर्क । २०६४ । गुरुङ जाति । *मियो,* असार, पृ. १९ ।

चाम्लिङ्ग, राजेश । २०६४ । सेनाभित्र जातीय टुकडी । *मियो,* असार, पृ. ६ ।

नेपाली, चित्तरञ्जन । २०२२ । *जनरल भीमसेन थापा र तत्कालीन नेपाल* । काठमाडौँ: रत्नपुस्तक भण्डार ।

भण्डारी, किरण । २०६३ । राष्ट्रसेवा कि दासता । *समय,* १८ जेठ, पृ.२१ ।

वैद्य, तुलसीराम । २०५२ । *नेपालको सैनिक इतिहास* । काठमाडौँ: शाही नेपाली जङ्गी अड्डा ।

Kumar, Dhruba. 2005. State, Society and Human Security: An Infinite Discourse of Nepal. Unpublished research paper, Kathmandu.

Huntington, Samule P. 1972. *Military Professionalism and Political Power*. California: Sage Publications.

Lider, Julian. 1982. *Military Theory: Concept, Structure and Problems.* London: Gower.

Mehata, Ashok. 2005. *The Royal Nepal Army: Meeting the Maoist Challenge*. New Delhi: Rupa and Co. and ORF.

Shrestha, Rekha. 2004. And So, We March. *The Himalayan Times,* 3 August, p. 12.